नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

मुस्ताङ, जोमसोम

प्र.जि.अ. फोन : ०६९-४४००३३
स.प्र.जि.अ. फोन : ०६९-४४०११४
फ्याक्स : ०६९-४४०१८८

पत्र संख्याः- २०७७/७८
चलानी नं.:-

मितिः-२०७८/०१/२९

## कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि मुस्ताङ जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री हिरादेवी पौडेलबाट जारी गरिएको आदेश

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको नयाँ प्रकारको कोभिड-१९ को संक्रमण मुस्ताङ जिल्लामा समेत देखिएको सबैलाई जानकारी नै छ । सर्वसाधारण नागरिक एवं स्वास्थ्यकर्मी, राष्ट्रसेवक लगायतका व्यक्तिमा कोभिड-१९ संक्रमण देखिएको र समुदायस्तरमा फैलिरहेको छ ।

यस जिल्लामा आइ.सी.यू. तथा भेन्टिलेटर सेवा नभएको तथा स्वास्थ्य सम्बन्धी साधन श्रोत समेत सिमीत मात्रामा रहेको सन्दर्भमा कोभिड-१९ संक्रमणले सृजना भएको जटिल परिस्थितिलाई समेत मध्यनजर गर्दै मुस्ताङ जिल्लालाई कोभिड-१९ को सम्भावित उच्च जोखिमबाट जोगाउन जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको सिफारीस बमोजिम २०७८।०१।३० गते राति २४:०० बजेदेखि २०७८।०२।०६ गते राति २४:०० बजेसम्मका लागि मुस्ताङ जिल्लाको थासाङ गा.पा., घरपझोङ गा.पा. र वारागुङ मुक्तिक्षेत्र गा.पा. भर लागू हुने स्थानीय प्रशासन ऐन २०२८ को दफा ६(३) र संक्रामक रोग ऐन २०२० को दफा २ बमोजिमको अधिकार प्रयोग गरी तपसिल अनुरुप गर्न गराउन यो आदेश जारी गरिएको छ । यो आदेशको बर्खिलाप भए गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिलः-**

निषेधित कार्यहरु

**सार्वजनिक भेला, जमघट, समारोह सम्बन्धी**

क. अत्यावश्यक काम बाहेक घर बाहिर निस्कन तथा हिँडडुल गर्न नपाइने,
ख. सबै प्रकारका भेला, सम्मेलन, धार्मिक, सांस्कृतिक, सामाजिक गतिविधिहरु गर्नका लागि हुने जमघटहरु गर्न गराउन नपाइने,
ग. सार्वजनिक खेलकूद, नाच, मेला, जात्रा, महोत्सव, भोजभतेर र हाटबजार तथा भीडभाड हुने कार्यक्रमको आयोजना तथा सञ्चालन गर्न नपाइने,
घ. मन्दिर, गुम्बा, चैत्य, बिहार, मस्जिद, चर्च आदिमा सामूहिक भेला हुन, सामुहिक रुपमा आश्रय लिइ बस्ने तथा सामूहिक भेला हुने खालका कुनै किसिमका कार्यक्रम गर्न नपाइने,

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मस्ताङ

ङ. कुनैपनि प्रकारका सभा, गोष्ठी, सेमिनार, मानिसहरु भेला हुन, जुलुश वा प्रर्दशन जस्ता कार्य गर्न गराउन नपाइने,

च. खेलकूदस्थल, मनोरन्जन स्थल, सैलुन तथा ब्युटिपार्लरहरु संचालन गर्न नपाइने,

छ. विद्यालय, कलेज, ट्युसन सेन्टर, तालिम केन्द्र लगायतका संस्थामा विद्यार्थी/शिक्षक भौतिक रुपमा भेला भई/गराई सिकाइ गतिविधि संचालन गर्न नपाइने ।

**सार्वजनिक तथा निजी सवारी संचालन सम्बन्धमा**

क. सार्वजनिक तथा निजी यात्रुवाहक सवारी साधन संचालन गर्न नपाइने,

ख. खाद्यवस्तु, पेट्रोलिय पदार्थ, पानी तथा अत्यावश्यक सामाग्री बोकेका ढुवानीका सवारी साधन, बिरामी तथा कुरुवा (बढीमा २ जना) बोकेको सवारी साधन, स्वास्थ्यकर्मी तथा सुरक्षा निकायले प्रयोग गर्ने सवारी साधन र निर्माण सामाग्री ढुवानी भएका मालवाहक सवारी साधन बाहेक अन्य सवारी साधन यस जिल्लामा प्रवेश तथा संचालन गर्न रोक लगाउने,

ग. तोकीएको स्वास्थ्य सुरक्षा मापदण्ड पालना नगरी/नगराई अनुमति प्राप्त सवारी साधन पनि संचालन गर्न नपाइने ।

**अत्यावश्यक खाद्य सामाग्री सम्बन्धमा**

खाद्य सामाग्री, तरकारी, फलफूल सम्बन्धि पसल व्यवसाय नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्डको पूर्ण रुपमा पालना गर्ने/गराउने गरी विहान ६ बजे देखि विहान ९ बजे सम्ममात्र खुल्ला गर्ने, सो बाहेक अन्य पसल व्यवसाय हाललाई संचालन गर्न नपाइने । औषधि (भेटनरी समेत) र स्वास्थ्य सामाग्री २४ सै घण्टा संचालन गर्न पाईने ।

**अन्य विषय**

क. अत्यावश्यक काम परि यस जिल्लामा प्रवेश गर्ने हरेक व्यक्तिहरुले अनिवार्य रुपमा दश (१०) दिनसम्म क्वारेन्टिन बस्ने एकिन भएपछि मात्र जिल्ला प्रवेश दिइने ।

ख. नेपाल सरकारले तोकेको मापदण्ड विपरीत बढी भिडभाड हुने गरी व्यापार, व्यवसाय, निर्माण कार्य गर्न नपाइने,

## गर्न पाइने कार्यहरु

क. अत्यावश्यक कामको लागि घर बाहिर ननिस्की नहुने भएमा अनिवार्य रुपमा मास्क, स्यानिटाइजरको प्रयोग गरी स्वास्थ्य प्रोटोकल बमोजिम कम्तिमा २ मिटरको भौतिक दूरी कायम गरी हिंड्न,

ख. विवाह तथा व्रतवन्धको हकमा बढी १५ जनासम्म (विवाहमा दुवै पक्षका गरी) स्वास्थ्य सुरक्षा मापदण्ड पालना गरी जिल्ला प्रशासन कार्यालयको अनुमति लिएर मात्र गर्ने,

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मुस्ताङ

ग. विवाह सम्बन्धी कार्यक्रमका लागि अन्य जिल्लामा जानु पर्ने भएमा वेहुला, वेहुली र चालक सहित बढीमा ७ जनाको लागि स्थानीय तहको सिफारिस सहित जिल्ला प्रशासन कार्यालयको सवारी अनुमति प्राप्त गरेर मात्र जान,

घ. जिल्ला भित्रका सरकारी, निजी तथा गैरसरकारी क्षेत्रले आफ्नो निकायबाट प्रदान गरिने अतिआवश्यक सेवा संचालन तथा व्यवस्थापन गर्न निर्धारित प्रक्रिया, समय र मापदण्ड अनुरुप तोकिएका स्वास्थ्य सुरक्षाका मापदण्ड पूर्ण रुपमा पालना गराई न्यूनतम जनशक्ति बाट सेवा प्रदान गर्न,

ङ. अत्यावश्यक सेवाहरु जस्तै एम्बुलेन्स, खानेपानी, स्वास्थ्य, पेट्रोलियम पदार्थ, खाद्यान्न, तरकारी, फलफूल, दुध तथा दुग्धजन्य पदार्थ, बैंक, वित्तीय संस्था, दूरसंचार, इन्टरनेट, क्वारेन्टिन, आइसोलेसन, कुरियर, डाँक, फोहोरमैला व्यवस्थापन लगायतका सवारी साधन जिल्लाभित्र संचालन गर्न,

च. विकास निर्माण कार्यमा प्रयोग हुने सामाग्री ढुवानीका साधन संचालन गर्न पाइने तर कार्यस्थलमै बस्ने खाने व्यवस्था ठेकेदार/व्यवस्थापकले मिलाएर मात्र निर्माण कार्यमा प्रयोग जनशक्तिलाई स्वास्थ्य सुरक्षा मापदण्ड अपनाएर निर्माण कार्यको निरन्तरता दिन,

छ. सरकारी कार्यालय, बैंक, वित्तिय संस्था तथा अत्यावश्यक सार्वजनिक सेवा प्रदायक संस्थाको कर्मचारीको हकमा परिचय पत्र प्रयोग गरी कार्यालय प्रयोजनमा जिल्ला भित्र आवागमन गर्न पाइने,

ज. अन्तर्राष्ट्रिय उडानबाट विदेश जाने यात्रुको हकमा हवाइ टिकट, राहदानी र वैध भिसा हुनेलाइ सिधै एयरपोर्ट जाने सवारी साधनको लागि सहजिकरण गरिने,

झ. संचारकर्मी/पत्रकारहरुको हकमा सूचना संकलन र सम्प्रेषण प्रयोजनार्थ सूचना विभागले जारी गरेको परिचयपत्र वा सम्वन्धित संचार गृहको परिचयपत्रको आधारमा जिल्लाभित्र आवागमन,

ञ. माथि उल्लेखित बाहेक अन्य अत्यावश्यक काम (विरामी कुरुवा, मृत्यु संस्कारमा अनिवार्य सहभागि हुनुपर्ने व्यक्ति, किरियापुत्री) का लागि सवारी साधन प्रयोग गर्नु परेमा प्र.जि.अ. बाट अनुमति लिनुपर्ने। अनुमति माग्दा सम्बन्धित प्रमाण र सिफारिस समेत पेश गर्नु पर्नेछ।

साथै उपरोक्त आदेशका साथै नेपाल सरकार र प्रदेश सरकारबाट कोभिड-१९ को नियन्त्रण सम्बन्धमा कुनै आदेश जारी भएमा सोही बमोजिम हुनेछ।

हिरादेवी पौडेल
प्रमुख जिल्ला अधिकारी

प्रमुख जिल्ला अधिकारी